आज मिति २०७६ साल चैत्र १३ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा ७२ औ बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो ।

| सि. नं | तपशिल | | |
|---|---|---|---|
| | नामथर | पद | दस्तखत |
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | श्री सूर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नबिन कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री जयराम रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री मोती प्रसाद गुरूङ | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी पोखरेल | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| २० | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |

अन्य उपस्थिति

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चुडामणि शर्मा गौतम | प्रमुख प्रशासकीय अधिकृत | |

नगरकार्यपालिकाको मिति २०७६/१२/१३ गतेको ७२ औ बैठकका निर्णयहरु

निर्णय नं. १

कोरोना भाइरसको विश्वव्यापि महामारीबाट नागरिकको जीवनरक्षा गर्ने उद्धेश्यले प्रत्येक वडाले आफ्नो वडामा पछिल्लो १४ दिनमा विदेशबाट आएका व्यक्ति, तिनिहरुको परिवारका सदस्य र तिनीहरुसँग सम्पर्कमा आएका व्यक्तिहरुको भोली चैत १४ गतेसम्ममा लगत तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. २

निर्णय नं. १ बमोजिम सम्पर्कमा आएका व्यक्तिहरुको सम्वन्धित वडाले निरन्तर लगत अद्यावधिक गरिरहने निर्णय गरियो ।

निर्णय नं. ३

गाँउघरमा कसैको घरमा आएका पाहुना, साथीसँगी तथा आफन्तहरु आएको भए वडाहरुले लगत तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रत्येक वडामा रहेका विद्यालय, सामुदायिक भवन आदिलाई क्वारेन्टाईन बनाउने तयारी गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

विदेशबाट आएका र निजहरुको सम्पर्कमा आएका तथा उच्च जोखिममा रहेकाहरुलाई सुरक्षित रुपमा होम क्वारेन्टाईनमा बस्न प्रोत्साहित गर्ने तर कारणबश निजहरुको घरमा सुरक्षित अवस्था नरहेकोमा वडामा रहेको क्वारेन्टाईनमा राख्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ६

प्रत्येक वडामा वडाले वडाध्यक्षको संयोजकत्वमा क्वारेन्टाइन व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

हालै शहरबाट गाउँमा आएका व्यक्तिहरुलाई होम क्वारेन्टाईनमा बसिदिन अनुरोध गर्ने साथै शहरबाट आएका व्यक्तिहरुसँग सुरक्षित तरिकाले सम्पर्क गर्न सबैजनालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

निर्णय नं. १ देखि निर्णय नं. ७ सम्मका निर्णयहरु वडाले कार्यान्वयन गर्ने र दैनिक अपरान्ह ३ बजे भित्रमा नगरपालिकाको स्वास्थ्य शाखामा रिपोर्टिङ गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

वडा स्तरमा कोरोना प्रतिकार्य व्यास्थापनका लागि प्रत्येक वडालाई हाललाई प्रतिवडा रु २,००,०००।– (अक्षेरुपी दुई लाखमात्र ) पछि आवश्यकता अनुसार शीर्षक मिलान गर्ने गरि विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

तीब्र रुपले परिवर्तन भईरहेको वर्तमान परिस्थिति आँकलन गरि तत्काल गर्नुपर्ने कार्यका सम्बन्धमा वड़ाहरुलाई आवश्यक निर्देशन दिन तपसील बमोजिमको नगरस्तरीय निर्देशक समिति गठन गर्ने र जोखिमको अवस्थामा निर्देशक समितिले दिएका निर्देशन सबैले पालना गर्ने निर्णय गरियो ।

तपसील:

निर्देशक समिति

१. नगर प्रमुख श्री जनकराज मिश्र – संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत श्री चुडामणि शर्मा गौतम – सदस्य

३. लेखा अधिकृत श्री नरेन्द्रराज घिमिरे - सदस्य

४.अधिकृत छैटौं श्री निर्मल अधिकारी ( स्वास्थ्य शाखा) – सदस्य

५. स्वास्थ्य शाखा प्रमुख श्री परमेश्वर पिया – सदस्य सचिव

निर्णय नं. ११

सुन्दरबजार नगरपालिकाका ४ वटै एम्बुलेन्समा विरामीलाई आइसोलेसन गर्ने गरी संरचना बनाउने निर्णय गरियो ।

निर्णय नं. १२

कोरोना भाइरसको महामारीको प्रतिकार्यमा खटिने स्वास्थ्यकर्मी र एम्बुलेन्स चालक साथै यस काममा खटिने अन्य चालक समेतलाई आकर्षक सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३

प्रतिकार्यमा खटिने स्वास्थ्यकर्मी र एम्बुलेन्स चालक तथा अन्य सवारी चालकको सोहि सिलसिलामा मृत्यु भएमा रु १० लाखको वीमा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४

स्वास्थ्यकर्मीहरुको सुरक्षालाई उच्च महत्व दिदै पिपिई सम्बन्धी सामाग्रीको प्रबन्धका लागि सबै प्रकारका उपायहरु अपनाउने निर्णय गरियो ।

निर्णय नं. १५

हेलो डाक्टर कार्यक्रममा समाबेश भएका चिकित्सकहरुको मोबाइल नं. सर्वसाधरणले जानकारी पाउने गरी विभिन्न माध्यमबाट सूचना गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

नमुना सामुदायिक अस्पताल, सुन्दरबजारमा कोरोना भाईरसका संकास्पद संक्रमितका लागि फिवर क्लिनिक सहित आइसोलेसन वार्डको व्यवस्था गरिएको विषय सर्वसाधरणका लागि सूचना गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

नगरपालिका क्षेत्रभित्र अलपत्र अवस्थामा रहेका यस नगरपालिका भन्दा बाहिरका कोही व्यक्ति भए निजहरुलाई खानेबस्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. १८

दैनिक मजदुरी गरी खानुपर्ने परिवारका व्यक्तिहरु खान नपाउने अवस्था रहेको भए निजहरुलाई आवश्यक खाद्यबस्तु उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १९

उपभोक्ताहरुलाई सकेसम्म घर घरमा दैनिक उपभोग्य वस्तु पुऱ्याउन लमजुङ उद्योग वाणिज्य संघका सुन्दरबजार इकाई, भोटेओडार इकाई र सुन्दरबजार चेम्बर अफ कमर्शसँग आवश्यक समन्वय गर्ने निर्णय गरियो ।